आर्थिक वर्ष २०८२।०८३

बैठक संख्याः १३

आज मिति २०८३ जेठ १२ गते मंगलबारका दिन आलिताल गाउँपालिका अध्यक्ष श्री शेर सिंह पार्की ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा आलिताल गाउँपालिका सभाहलमा गाउँ कार्यपालिकाको बैठक बसी छलफल भइ देहायका निर्णयहरू गरियो।

उपस्थितिः

१. गाउँपालिका अध्यक्ष, श्री शेर सिंह पार्की

२. गाउँपालिका उपाध्यक्ष, श्री मैना कुमारी राक्ल बोहरा

३. वडा अध्यक्ष, वडा नं.१. श्री यज्ञ बहादुर देउवा

४. वडा अध्यक्ष, वडा नं. २. श्री श्री प्रमोद बहादुर मल्ल

५. वडा अध्यक्ष वडा नं. ३ श्री बल बहादुर बुढामगर

६. वडा अध्यक्ष, वडा नं. ४. श्री कमल सिंह बोहरा

७. वडा अध्यक्ष, वडा नं. ५. श्री डम्बर बहादुर ढाट

८. वडा अध्यक्ष, वडा नं. ६, श्री कुम्भर बुढा

९. वडा अध्यक्ष, वडा नं. ७. श्री विर बहादुर बोहरा

१०. वडा अध्यक्ष, वडा नं ८. श्री धन बहादुर देउवा

११. कार्यपालिका सदस्य, श्री भिमा देबी ओली

१२. कार्यपालिका सदस्य, श्री खिमा देवी गिरी

१३. कार्यपालिका सदस्य, श्री कलावती देवी नाथ

१४. कार्यापालिका सदस्य, श्री गोमती देवी पार्की

१५. कार्यपालिका सदस्य, श्री कर्ण बहादुर दमाई

१६. कार्यपालिका सदस्य, श्री रमेश बहादुर कामी

१७. सचिव, प्र.प्र.अ.श्री कृष्णानन्द जोशी

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. समिक्षा बैठक सम्बन्धमा।
२. शिक्षक सरुवा सम्बन्धमा।
३. निति तथा कार्यक्रमको तयारी सम्बन्धमा।
४. योजनाको म्याद थप सम्बन्धमा।
५. विपद व्यवस्थापन शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।
६. हाल सम्मको खर्च अनुमोदन सम्बन्धमा।
७. विषयगत समितिहरु बाट पेश भएका प्रतिवेदन सम्बन्धमा।
८. विद्यालय समायोजन सम्बन्धमा।
९. समायोजित विद्यालयको सम्पति व्यवस्थापन सम्बन्धमा।
१०. लक्षित कार्यक्रम संचालन सम्वन्धमा।
११. आर्थिक सहायता सम्वन्धमा।
१२. भुक्तानी सम्वन्धमा
१३. बहुक्षेत्रिय पोषण कार्यक्रम संवन्धमा।
१४. बिविध सम्वन्धमा।

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

CamScanner

निर्णयहरु:-

निर्णय नं १- प्रस्ताव नं १ माथि छलफल गर्दा विगतको कार्यपालिका बैठक बाट गरिएका निर्णयहरुबारे छलफल गरियो र बाँकी कार्यान्वयन गर्न रहेका योजनाहरु समयमा नै कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं २:- प्रस्ताव नं २ माथि छलफल गर्दा आलिताल गाउँपालिका शिक्षा ऐन २०८१ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी मिति २०८२।१।२४ गतेको शिक्षा समितिको बैठक तथा गाउकार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम, शिक्षा युवा तथा खेलकुद शाखाबाट सिफारिस भई आए बमोजिम आलिताल गाउँपालिका अन्तरगतका तपसिल बमोजिमका विद्यालयमा कार्यरत तपसिल बमोजिमका शिक्षकहरुलाई देहाय बमोजिमको विद्यालयमा सरुवा गर्ने निर्णय गरियो।

| क्र. स. | शिक्षकको नाम थर | कार्यरत विद्यालय | संकेत नं./किसिम | तह/श्रेणी | सरुवा जाने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गोपाल सिंह धामी | श्री सेलालिङ् प्रा.वि. आलिताल ३ बुडुम | १९०९१८ | प्राथमिक/ तृतीय | श्री आलिताल प्रावि आलिताल ३ चनाला | |
| २ | तुलसी गाहा मगर | श्री समैजी आवि आलिताल ८ कुर्जेनी | १८२३०८ | प्राथमिक/ तृतीय | श्री दुर्गा मावि आलिताल ८ डोला | |
| ३ | यादव बहादुर बोगटी | श्री जनज्योती आ.वि. आलिताल ८ हम्तड | १७१०५४ | प्राथमिक/ तृतीय | श्री सेलालिङ प्रावि आलिताल ३ बुडुम | |
| ४ | होम बहादुर गाहा | श्री दुर्गा मा.वि. आलिताल ८ डोला | १५३५९४ | प्राथमिक/ तृतीय | श्री समैजी आवि आलिताल ८ कुर्जेनी | |
| ५ | लक्ष्मण बहादुर सार्की | श्री कैलपाल प्रावि आलिताल २ किमाड | १९१६६४ | प्राथमिक/ तृतीय | श्री वसन्त प्रावि आलिताल २ बोरगाँउ | |
| ६ | सन्तोष ओखेडा | श्री बसन्त प्रा.वि. आलिताल २ बोरगाँउ | १८३४९६ | प्राथमिक/ तृतीय | श्री कैलपाल प्रावि आलिताल २ किमाड | |
| ७ | गणेश बहादुर खड़ायत | श्री आलिताल प्रावि आलिताल ३ चनाला | १३१७९९ | प्राथमिक/ तृतीय | श्री जनज्योती आवि आलिताल ८ हम्तड | |
| ८ | मदन राज | श्री बालकल्याण आ.वि. | राहत शिक्षक | प्राथमिक | श्री जनज्योती आवि आलिताल | |

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिं. सार्की
गाउँपालिका अध्यक्ष

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जोशी | आलिताल ५ बाहिरीसैन | | | ८ हम्तड | |
| ९ | गणेश बहादुर बोहरा | श्री कृष्ण प्रा.वि. आलिताल ४ सैनग्वाडी | राहत शिक्षक | प्राथमिक | श्री कृष्णकालिका मावि आलिताल ४ भीमनगर | |
| १० | लाल बहादुर बोहरा | श्री कृष्णकालिका मा.वि. आलिताल ४ घेरेलु | राहत शिक्षक | प्राथमिक | श्री कृष्ण प्रावि आलिताल ४ सैनग्वाडी | |
| ११ | जानकी भट्ट | श्री जनज्योती आवि आलिताल ८ हम्तड | राहत शिक्षक | प्राथमिक | श्री बालकल्याण आवि आलिताल ५ बाहिरीसैन | |
| १२ | जानकी कुमारी साउद | श्री भुवनेश्वरी मावि आलिताल १ हर्तोला | शिक्षण सहयोग अनुदान | माध्यमिक | श्री श्यालचौडी मावि आलिताल ३ चौड | |
| १३ | खेमराज भट्ट | श्री श्यालचौडी मावि आलिताल ३ चौड | शिक्षण सहयोग अनुदान | माध्यमिक | श्री भुवनेश्वरी मावि आलिताल १ हर्तोला | |
| १४ | गणेश बहादुर जेठारा | श्री श्यालचौडी मावि आलिताल ३ चौड | १८०४५५ | निम्न माध्यमिक | श्री दुर्गा मावि आलिताल ८ डोला | |
| १५ | कर्ण बहादुर बोहरा | श्री दुर्गा मा.वि. आलिताल ८ डोला | १७१०६३ | निम्न माध्यमिक | श्री श्यालचौडी मावि आलिताल ३ चौड | |
| १६ | मोहन सिंह धामी | श्री दुर्गा मा.वि. आलिताल ८ डोला | १५३६३८ | निम्न माध्यमिक | श्री कृष्णकालिका मावि आलिताल ४ भीमनगर | |
| १७ | खिमानन्द भट्ट | श्री कृष्णकालिका मा.वि. आलिताल ४ घेरेलु | १८०५४५ | निम्न माध्यमिक | श्री दुर्गा मावि आलिताल ८ डोला | |
| १८ | प्रेमसिंह भण्डारी | श्री जनज्योती आ.वि. आलिताल १ सियला | शिक्षण सहयोग अनुदान | निम्न माध्यमिक | श्री गणेश आवि आलिताल ६ धिमाडा | |
| १९ | खेमराज जोशी | श्री गणेश आवि आलिताल ६ धिमाडा | शिक्षण सहयोग अनुदान | निम्न माध्यमिक | श्री जनज्योती आ.वि. आलिताल १ सियला | |

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

निर्णय नं ३:- प्रस्ताव नं ३ माथि छलफल गर्दा आगामी आर्थिक बर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम, र बजेट तर्जुमा कार्यलाई प्रभावकारी बनाउन गाउँकार्यपालिकालाई प्रविधिक रुपले सहयोग गर्न देहायका कार्यदलहरू गठन गरी देहायको समयतालिकानुसार कार्य सम्पन्न गर्ने निर्णय गरियो।

कार्यदलहरू:-

क) वार्षिक नीति तथा कार्यक्रम, र बजेट वक्तव्य तर्जुमा प्राविधिक कार्यदल

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

२. प्रशासन शाखा प्रमुख- सदस्य

३. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

४. भौतिक पूर्वाधार विकास शाखा प्रमुख- सदस्य

५. राजस्व शाखा प्रमुख- सदस्य

६. अन्य शाखा प्रमुखहरू (सवै)- सदस्य

७. वडा सचिवहरू- सदस्य

८. सदस्य-सचिव- योजना शाखा प्रमुख

(ख) आर्थिक विधेयक, २०८३ मस्यौदा तर्जुमा कार्यदल

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

२. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

३. अन्य शाखा प्रमुखहरू (सबै)- सदस्य

४. वडा सचिवहरू (सबै वडाहरू)- सदस्य

५. राजस्व शाखा प्रमुख- सदस्य-सचिव

(ग) विनियोजन विधेयक, २०८३ मस्यौदा तर्जुमा कार्यदल

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पाकी
गाउँपालिका अध्यक्ष

CamScanner

२. योजना शाखा प्रमुख- सदस्य

३. पूर्वाधार विकास शाखा प्रमुख- सदस्य

४. राजस्व शाखा प्रमुख- सदस्य

५. अन्य शाखा प्रमुखहरू (सबै) सदस्य

६. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य-सचिव

(घ) बजेट तथा कार्यक्रमसम्बन्धी सुझाव अध्ययन कार्यदल

१. प्रमुख प्रशासकीय अधिकृत- संयोजक

२. योजना शाखा प्रमुख- सदस्य

३. पूर्वाधार विकास शाखा प्रमुख- सदस्य

४. अन्य शाखा प्रमुखहरू (सबै)- सदस्य

५. सूचना प्रविधि शाखा प्रमुख- सदस्य-सचिव

देहाय वमोजिमको समयतालिकाः-

| क.सं. | चरणहरु | समयसिमा | कैफियत |
|---|---|---|---|
| १ | वस्ती/टोलस्तरमा योजना छनौट | २०८३/०२/१४ देखि २५ सम्म | |
| २ | विभिन्न राजनीतिक दल, स्थानीय बुद्धिजीवी, समाजसेवी, सरकारी एवं गैर सरकारी संघ/संस्था/समिति एवं अन्य सरोकारवालाहरुवाट नीति तथा कार्यक्रमका विषयमा सुझाव पेश गर्ने | २०८३/०२/२९ गते सम्म | |
| ३ | गैर सरकारी संघ/संस्था/समिति/सहकारी संस्था लगायत सामाजिक तथा सामुदायिक संघ-संस्थावाट आगामी आ.व. २०८३/०८४ मा संचालन गरिने कार्यक्रम पेश गर्ने | २०८३/०२/२९ गते सम्म | |
| ४ | वडास्तरमा प्राथमिकता निर्धारण भई छनौट भएका योजना विषयगत समितिमा छलफल गरी बजेट तथा कार्यक्रम तर्जुमा | २०८३/०२/३० गते सम्म | |

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

CamScanner

| | समितिमा पेश गर्ने | | |
|---|---|---|---|
| ५ | विषय क्षेत्रगत नीति तथा कार्यक्रम तय गर्ने | २०८३/०३/०१ गते सम्म | |
| ६ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (नीति तथा कार्यक्रमको रुपमा बजेट तथा कार्यक्रमको अन्तिम प्रस्ताव तयार गर्ने लगायत अन्य कार्य। प्रस्ताव तयार, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत | २०८३/०३/०२ गते सम्म | |
| ७ | गाउँ कार्यपालिकामा वार्षिक नीति, कार्यक्रम तथा बजेट माथि छलफल गरी स्वीकृत गर्ने | २०८३/०३/०५ गते सम्म | |
| ८ | गाउँ सभामा वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्ने | २०८३/०३/०७ गते सम्म | |
| ९ | गाउँ सभामा वार्षिक नीति, कार्यक्रम तथा बजेट माथि छलफल गरी स्वीकृत गर्ने। | २०८३/०३/२९ गते सम्म | |

निर्णय नं ४:- प्रस्ताव नं ४ माथि छलफल गर्दा ईन्धनमा भएको मुल्य वृद्धि, सामाग्री अभाव लगायतका बिविध कारण दर्शाई समयमा सम्पन्न हुन नसकेकोले नयाकार्ययोजना सहित योजनाहरुको म्याद थप गरिपाउँ भनि निर्माणकर्ताबाट यस कार्यालयमा निवेदन प्राप्त भए बमोजिम पेश भएको कार्यतालिका बमोजिम समयमै काम सम्पन्न गर्ने गरी तपसिलका योजनाहरुको म्याद तपसिल बमोजिम थप गर्ने निर्णय गरियो।

तपसिलः-

| सि.न | योजनाको नाम | म्याद समाप्त हुने मिति | म्याद थप भएको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | डोला लिफ्ट सिचाई योजना | २०८३।२।३० | २०८३।६।३० | |
| २ | गांखेत चाल्त किमोडी सडक | २०८३।१।३० | २०८३।३।१५ | |
| ३ | कमलपुर सडक निर्माण योजना | २०८३।१।३० | २०८३।३।१५ | |

निर्णय नं ५:- प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन गरिएको विपद व्यवस्थापनको शिर्षकबाट तपसिलका विपद पिडित ब्यक्तिलाई तपसिल बमोजिमको आर्थिक सहायता रकम उपलब्ध गराउने निर्णय गरियो।

तपसिलः-

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह धामी
गाउँपालिका अध्यक्ष

CamScanner

| सि.न | लाभग्राहीको नाम थर | ठेगाना | आर्थिक सहायता मागको कारण | प्रदान गर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | लक्ष्मी देवि बोहरा | आलिताल ४ | विपद | २५०००। | |
| २ | गौरी देवि बोहरा | आलिताल ४ | विपद | २५०००। | |
| ३ | धौली देवि बोहरा | आलिताल ४ | विपद | २५०००। | |

निर्णय नं ६:- प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउपालिकावाट विभिन्न शिर्षकमा हालसम्म गरिएको चालु तथा पुजिगत तर्फको खर्च अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं ७:- प्रस्ताव नं ७ माथि छलफल गर्दा तपसिलका विषयगत समितिवाट विभिन्न मितिमा भएका बैठकका निर्णय तथा पेश गरिएका प्रतिवेदनहरु अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल:

क. सुशासन तथा संस्थागत समितिको प्रतिवेदन ।

ख. सामाजिक विकास समितिको प्रतिवेदन।

ग. आर्थिक विकास समितिको प्रतिवेदन।

घ. पुर्वाधार विकास समिति प्रतिवेदन।

ङ. वन तथा वातावरण समितिको प्रतिवेदन।

च. राजश्व परामर्श समितिको प्रतिवेदन।

छ. स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति।

निर्णय नं ८:- प्रस्ताव नं ८ माथि छलफल गर्दा श्री असिग्राम प्रावि आलिताल ३ तुन्नालाई श्री ब्रह्मचारी प्रावि आलिताल ३ किमोडीमा कक्षा १ देखि ५ सम्म समायोजन गर्ने र बालविकास कक्षाको हकमा वडा नं. ३ सुदुममा सञ्चालन गर्ने साथै असिग्राम प्रावि तुन्नाका शिक्षक, बालविकास सहजकर्ता र कर्मचारी क्रमश: तिर्थराज भट्ट, अमृता कुमारी जोशी र चेत बहादुर मडैलाई ब्रह्मचारी प्रावि आलिताल ३ किमोडीमा सरुवा गर्ने र श्री ब्रह्मचारी प्रावि आलिताल ३ किमोडिमा कार्यरत

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

CamScanner

बालविकास सहजकर्ता मिना कुमारी धामीलाई श्री असियाम बालविकास केन्द्र सुदुममा सरुवा गरी असियाम बालबिकास केन्द्रको मातृविधालय श्री ब्रह्मचारी प्रावि आलिताल ३ किमोडी कायम गर्ने निर्णय गरियो।

निर्णय नं ९:- प्रस्ताव नं ९ माथि छलफल गर्दा श्री असियाम प्रावि आलिताल ३ तुन्नाको स्वामित्वमा रहेको चल, अचल सम्पत्ती लगायत सम्पुर्ण कागजातहरु समायोजन भएको विधालय श्री ब्रह्मचारी प्रावि आलिताल ३ किमोडीको जिम्मा रहने निर्णय गरियो ।

निर्णय नं १०:- प्रस्ताव नं १० माथि छलफल गर्दा आलिताल गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को दलित जनजाती लक्षित कार्यक्रम अन्तरगत मिति २०८२।११।२५ को सुचना अनुसार एक्लेसल्ला टोलबाट १४ जना र बास्कोटा टोलबाट २८ जना लक्षित बर्गले २-२ वटा प्रजननयोग्य बाख्रा माग गरेकोले आलिताल गाउपालिकाको कृषि तथा पशुपंक्षि बिकास कार्यक्रम संचालन कार्यबिधी अनुसार लक्षित बर्गलाई १००% अनुदानमा बाख्रा बितरण गर्ने निर्णय गरियो।

निर्णय नं ११:- प्रस्ताव नं ११ माथि छलफल गर्दा यस गाउपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा बिनियोजन गरिएको आर्थिक सहायता शिर्षकबाट तपसिलका व्यक्तिलाई तपसिल बमोजिमको आर्थिक सहायता रकम उपलब्ध गराउने निर्णय गरियो।

तपसिलः-

| सि.न | लाभग्राहीको नाम थर | ठेगाना | आर्थिक सहायता मागको कारण | प्रदान गर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कालु कामी | आलिताल २ | सिकिस्त बिरामी | १००००। | |
| २ | मदन के सी | सल्यान | राष्ट्रीय पदयात्री | ४०००। | |
| ३ | गौरी देवि कुवर | आलिताल ६ | क्यान्सरको बिरामी | २००००। | |

निर्णय नं १२:- प्रस्ताव नं १२ माथि छलफल गर्दा आलिताल गाउँपालिकाको कार्यालयमा अन्तिम भुक्तानीको लागी पेश भएका तपसिलका योजना तथा कार्यक्रमहरुको तपसिल बमोजिमको रकम भुक्तानी गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरीयो।

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

आलिताल गाउँपालिका
गाउँपालिकाको कार्यालय
भिमदत्तपुर डडेल्धुरा
भुक्तानीको लागि पेश भएका योजना

| सि.न. | योजनाको नाम | विनियोजित | लागत अनुमान | खुद भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | अन्लाड मुहान संरक्षण निर्माण योजना आलिताल -७ | १५०००००.०० | १६६९८२८.०० | १६६४१८४.२३ | |
| २ | कुर्जेनि देखि उचान्धुरी जाने बाटो मर्मत वडा नं. -७ | १५०००००.०० | १६८६३२६।७५ | १६७९३८५।१९ | |
| ३ | मल्लो गोदाम देखि कुर्जेनी सडक मर्मत वडा नं.-७ | १५०००००.०० | १६३७१०९।३० | १६२६७२४।८० | |
| ४ | स्वखोला देखि डोला सम्म सडक मर्मत वडा नं.-७ | १५०००००.०० | १६९७०४५.०० | १६८४१७७।५१ | |
| ५ | स्वखोला सडक वाल निर्माण वडा नं.-७ | १००००००.०० | १११३१६९।६३ | ११०८९८।२८ | |
| ६ | डाइखर्क सडक मर्मत वडा नं.-८ | ३०००००.०० | ३३९७३१।२४ | ३३६२८६।८१ | |
| ७ | कोल गैरा काठेपुल निर्माण वडा नं.-४ | १३००००.०० | १४११०२।९६ | १२६७५९।९३ | |
| ८ | घेरेलु शिव मन्दिर क्रमागत वडा नं. ४ | १०००००.०० | १०९२९१।०५ | ९६३७८.०० | |
| ९ | कोल गैरा मल्लो घेरेलु सिचाई योजना वडा नं.-४ | १०००००.०० | १०८६७५।२२ | ९६४४५।५५ | |
| १० | भाडी भर्याक वलौचा सडक निर्माण योजना वडा नं.-७ | ९२४८३०.४८ | ९११३२६।५६ | ९०५७४७।६७ | |
| ११ | आर्दश प्रा.वि. मैनथला शौचालय निर्माण | ५०००००.०० | ४९९९८०।८५ | ४६१३८५।९४ | |
| १२ | वडा नं. १ भित्रका सम्पुर्ण सडक सफाई तथा ईन्धन खरिद | १००००००.०० | ९४१४८९।८१ | ९४१४८९।८१ | |
| १३ | Detailed Engineering Survey, Soil Invistigation, Cost Estimation and Detail Project Report Preparation of Jaltuda Gwaani Motorable Bridge Aalital -4 Jungekhola | २००००००.०० | १९७९४६६.१८ | १९७१६३८.५० | |
| १४ | महिलालाई ड्राईभिङ तालिम | ५०००००.०० | ४९८००० | ४९७७६५ | |

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

CamScanner

निर्णय नं १३:- प्रस्ताव नं १३ माथि छलफल गर्दा बहुक्षेत्रिय पोषण कार्यक्रममा पालिका स्तरिय खाद्यसुरक्षा निर्देशक समितिको बैठकको निर्णय बमोजिम कार्यक्रम गर्ने निर्णय गरीयो।

निर्णय नं १४:- प्रस्ताव नं १४ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२।०८३ मा आलिताल गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर करारोपण नगरेको स्वघोषणा गर्ने निर्णय गरियो।

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

CamScanner